बौदीकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डेढगाउँ, नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

प.स.: २०८१/८२

च.नं.: ६८८

मिति : २०८१/०९/०७

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

<u>तपसिल :</u>

मिति : २०८१/०९/०८ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

(उज्वल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

<u>मिति २०८१/०९/०७ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :</u>

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा ।

३. प्रशासकीय अधिकृत (सातौं) को राजिनामा स्वीकृत सम्बन्धमा ।

४. सेवा करारमा कर्मचारी नियुक्ति सम्बन्धमा ।

५. विविध विषयका सम्बन्धमा ।

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल
२०७३

उज्वल बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८१/०९/०८ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष. वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | Deumaya | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | तेजमाया | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | सोमा | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री उज्वल बहादुर बस्नेत | सदस्य सचिव/प्रमुख प्रशासकीय अधिकृत |

१६ कर्ण ब. रिसोली कर्ण बहादुर रिसोली का.वा. वाड अध्यक्ष ।६

१७. श्री बुद्धि प्रसाद दुवेदी

१८. श्री तिलक थापा

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०९/०८ गतेको आ.व. २०८१/०८२ को छैठौं बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पूर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा बौदीखोलाका कुनै पनि घाटमा ३ (तिन) पटकसम्म ठेक्का आव्हान गर्दा पनि ठेक्का नलागेकोले नेपाल सरकारद्वारा जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा १२ मा व्यवस्था भए बमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र विकास साझेदारबाट संचालित आयोजनाहरुलाई आवश्यक पर्ने नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) वातावरणीय अध्ययन प्रतिवेदनको पालना हुने गरी यस गाउँपालिकाको आर्थिक ऐन, २०८१ को स्वीकृत दरमा तोकिएको स्थानबाट निर्माण सामाग्री संकलनको व्यवस्था गर्ने निर्णय गरियो । साथै वडा कार्यालयको र प्राविधिकको सिफारिसमा बौदीकाली गाउँपालिकावासी जनताको घरगोठ निर्माणका लागि सोहि दरमा निर्माण सामाग्री उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कार्यलयमा कार्यरत प्रशासकीय अधिकृत (सातौं) श्री ध्रुवलाल न्यौपानेले मिति २०८१/०८/२६ गते राजिनामा स्वीकृत गरी पाउँ भनी निवेदन पेश गरेकोमा निजको राजिनामा मिति २०८१/१०/०१ गते देखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४ :**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा जिल्ला दररेट अनुसार दैनिक ज्यालादारीमा काम गर्ने गरी सरसफाई कर्मचारी नियुक्तिको लागि सूचना प्रकाशन गर्ने र प्राविधिकको प्रतिवेदनको आधारमा ज्याला रकम सम्बन्धित व्यक्तिलाई रकम भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.५ :**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०९/०८ गतेको आ.व. २०८१/०८२ को छैठौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको दुर्घटना भएको ब्याकको लोडर र बौदीकाली गाउँपालिका लगायत अन्तर्गतका कार्यालयहरुमा बिग्रेर बसेका सोलार ब्याट्रीहरु नियमानुसार लिलामी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- बौदीकाली-२, डेढगाउँमा निर्माण भएको १५ शैया अस्पताल संचालनको लागि आवश्यक उपकरण सहित हाल संचालनमा रहेको रकुवा प्राथमिक स्वास्थ्य केन्द्रलाई स्थानान्तरण गर्ने निर्णय गरियो ।
- नेपाल रेडक्रस सोसाइटी, नवलपरासी (ब.सु.पू.) को प.सं. ०८१/०८२ च.नं. २९ मिति २०८१/०९/०५ गतेको प्राप्त पत्र र बिल भरपाई अनुसार रु. ३०,०००/- (तिस हजार मात्र) मा नियमानुसार करकट्टी गरी बाँकी रकम "विभिन्न संघसंस्था सहायता" शिर्षकबाट आर्थिक सहयोग गर्ने निर्णय गरियो ।
- साविक रकुवा २ निवासी फत्य बहादुर कार्कीको कित्ता नं. ९६८ को १२-१०-३-२ क्षेत्रफलको सेखामस्थित रहेको खेतमा झोलुङ्गे पूल निर्माण भैसकेको र पूल बनाए वापत क्षतिपूर्ति माग भई आएकोले सो सम्बन्धमा थप अध्ययन गरी आवश्यक कारवाही प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- श्री डेढगाउँ माध्यमिक विद्यालय, बौदीकाली-२, नवलपरासी (ब.सु.पू.) को प.सं. २०८१/०८२ च.नं. ९२ मिति २०८१/०९/०३ गतेको प्राप्त पत्र अनुसार छात्रवास सहितको कम्तिमा ३२ कोठाको पक्की भवन निर्माण प्रयोजनार्थ DPR तयार गर्नको लागि यस कार्यालयबाट प्राविधिक सहयोग गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाले गाउँकार्यपालिकाको कार्यालयको रुपमा विगत ७ वर्ष देखि भाडामा प्रयोग गर्दै आईरहेको बौदीकाली-२, डेढगाउँ निवासी ओम बहादुर श्रेष्ठको घर २०८१ साल पौष १५ गतेदेखि खाली गर्ने जसमा बढीमा १ लाख नबढ्ने गरी मर्मत सम्भार गर्ने र सो वापतको घरभाडा "घर भाडा" शिर्षकबाट र मर्मत सम्भार खर्च "अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च" शिर्षकबाट संलग्न बिल भरपाई पश्चात रकम भुक्तानी दिने निर्णय गरियो ।
- बौदीकाली-४, रुचाङ्गमा लालीगुराँस आमा समूहले महिलाहरुको महान चाडपर्व, तिजको उपलक्ष्यमा संचालन गरेको मौलिक तिज गित प्रतियोगिता, २०८१ लाई "चाडपर्व महोत्सवहरुको जगेर्ना" शिर्षकबाट रु. २९,४२०/- मा नियामानुसार करकट्टी गरी बाँकी रकम भुक्तानी दिने निर्णय गरियो ।

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०९/०८ गतेको आ.व. २०८१/०८२ को छैठौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकाको नदिजन्य पदार्थ व्यवस्थापनमा मेशिनरी उपकरण प्रयोग सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिकाको पशुपन्छी सम्बन्धी एकीकृत कार्यक्रम संचालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।
- राइट फर चिल्ड्रेन, पोखरा-७, कास्कीको प.सं. २०८१/०८२, च.नं. १५ मिति २०८१/०९/०४ गतेको पत्र अनुसार आ.व. २०८०/०८१ मा सो संस्थाले यस गाउँपालिका अन्तर्गत डेढगाउँ मा.वि. र धर्मातमा मा.वि. मा कार्यक्रम संचालन गर्दै आएको र यस आ.व. २०८१/०८२ मा थप ३ वटा विद्यालयहरुमा कार्यक्रम संचालन गर्न सम्झौता अनुसार तपसिलका ३ विद्यालयहरुलाई सिफारिस गर्ने निर्णय गरियो।
    - ➢ श्री बालकल्याण आधारभूत विद्यालय, बौदीकाली-२
    - ➢ श्री शारदा माध्यमिक विद्यालय, बौदीकाली-३
    - ➢ श्री सर्वप्रिय आधारभूत विद्यालय, बौदीकाली-४
- गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखराको मिति २०८१/०९/०१ गते आवधिक योजना निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार आवधिक योजना निर्माणका लागि यस कार्यालयले कुल निर्माण रकमको ५०% लागत साझेदारी गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका र कृष्ण गण्डकी बचत तथा ऋण सहकारी संस्था, बौदीकाली-२, डेढगाउँको संयुक्त आयोजनामा संचालन हुन लागेको छैठौं वृहत रक्तदान कार्यक्रम, २०८१ लाई "रक्तदान कार्यक्रम" शिर्षकबाट रु. १,००,०००/- (एक लाख रुपैया) उपलब्ध गराउने निर्णय गरियो ।
- २०८१ साल असोज १०,११ र १२ गतेको अविरल वर्षातको कारणले बाटोहरुमा गएको पहिरो र अन्य अवरुद्धहरु हटाउन साथै बडा दशैं, २०८१ पनि लगत्तै परेकोमा यस कार्यालयको एक मात्र व्याकहो लोडरले सबै ठाउँमा सफाई गर्न नसकेको कारण बौदीकाली गाउँपालिका भित्रका विभिन्न वडाहरुमा बाटो सरसफाई गरे वापतको जम्मा खर्च रकम रु. ३,१८,३२७/- (तिन लाख अठार हजार तिन सय सत्ताइस रुपैया मात्र) सम्बन्धित फर्महरुलाई "विपद व्यवस्थापन खर्च" शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।
- बौदीकाली-५, बबक स्थित बबक सामुदायिक स्वास्थ्य इकाईमा बर्थीङ्ग सेन्टर संचालनको लागि स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको मिति २०८१/०९/०८ गतेको आ.व. २०८१/०८२ को छैठौं बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिका, KDDI Foundation Japan र साझा ई-पाटी नेपालको सहकार्यमा बौदीकाली गाउँपालिका अन्तर्गत श्री धर्मात्मा माध्यमिक विद्यालयमा २५ वटा कम्प्युटर जडान गर्ने कार्यक्रम रहेकोले सो विद्यालयमा सोलार सिस्टम जडान (२ KVA इन्भर्टर, ब्याट्री, सोलार प्यानल) वायरीङ्ग सहित र फर्निचर व्यवस्थापन गर्नको लागि **"गैरसरकारी संस्थासंगको साझेदारीमा कार्यक्रम संचालन"** शिर्षकबाट आवश्यक बजेट व्यवस्था गर्ने निर्णय गरियो ।
- बौदीकाली गाउँपालिका स्वास्थ्य शाखामा कार्यरत स्टाफ नर्स रक्सनदा शेरचन (क.सं.नं. २२६६४८) ले अध्ययन बिदाको लागि पूर्व स्वीकृति लिई चिकित्सा शिक्षा स्नातक तह (MECEE-BL 2025) को छात्रवृत्ति तर्फ BNS/BMS शैक्षिक कार्यक्रम अन्तर्गत महाराजगंज नर्सिङ्ग क्याम्पस, काठमाडौंमा अध्ययनको लागि छनौट भएकोले स्थानीय सेवा (गठन तथा संचालन) नियमावली, २०८० को दफा १११ र दफा १२० बमोजिम निजको अध्ययन बिदा स्वीकृत गरी मनोनयन पत्र प्रदान गर्ने निर्णय गरियो।